# अर्जुनधारा नगरपालिका

# नगर कार्यपालिकाको बैठक

बैठक संख्या :२६

अध्यक्षता : नगर प्रमुख हरिकुमार राना

मिति : २०७८/०२/०४

उपस्थिति :

| दर्जा | नाम थर | दस्तखत |
|---|---|---|
| प्रमुख | श्री हरिकुमार राना | |
| उप प्रमुख | श्री कमला खतिवडा आचार्य | |
| वडा अध्यक्ष, वडा नं.१ | श्री गजाधर खतिवडा | |
| वडा अध्यक्ष, वडा नं.२ | श्री रघुनाथ खनाल | |
| वडा अध्यक्ष, वडा नं.३ | श्री जीवकुमार भण्डारी | |
| वडा अध्यक्ष, वडा नं.४ | श्री दुर्गा प्रसाद दाहाल | |
| वडा अध्यक्ष, वडा नं.५ | श्री ध्यानबहादुर भारती | |
| वडा अध्यक्ष, वडा नं.६ | श्री लोकनाथ गौतम | |
| वडा अध्यक्ष, वडा नं.७ | श्री नवराम ढुंगाना | |
| वडा अध्यक्ष, वडा नं.८ | श्री गोपीचन्द्र गौतम | |
| वडा अध्यक्ष, वडा नं.९ | श्री पुष्प कुमार प्रसाई | |
| वडा अध्यक्ष, वडा नं.१० | श्री बलदेव सिंह गोम्देन | |
| वडा अध्यक्ष, वडा नं.११ | श्री भैरवबहादुर खड्का | |
| कार्यापालिका सदस्य | श्री खिनमान दास | |
| कार्यापालिका सदस्य | श्री दिलमाया दास | |
| कार्यापालिका सदस्य | श्री दिलिप गुरुङ्ग | |
| कार्यापालिका सदस्य | श्री रमेश कुमार दर्जी | |
| कार्यापालिका सदस्य | श्री सकुन्तला बराल | |
| कार्यापालिका सदस्य | श्री शारदाकुमारी भट्टराई | |
| कार्यापालिका सदस्य | श्री हरिमाया भण्डारी | |
| कार्यापालिका सदस्य | श्री लक्ष्मी तामाङ्ग | |
| नि.प्रमुख प्रशासकीय अधिकृत | श्री तोयानाथ रेग्मी | |
| लेखा अधिकृत | श्री रामचन्द्र घिमिरे | |
| अधिकृत | श्री चूडामणि निरौला | |
| | | |

हरी कुमार राना नगर प्रमुख

## मिति २०७८/०२/०४ गतेको अर्जुनधारा नगर कार्यपालिकाको बैठकका निर्णयहरु

मिति २०७८ जेष्ठ ४ गते मंगलवार बसेको अर्जुनधारा नगर कार्यपालिकाको २६-०७७/७८ को बैठकबाट देहाय बमोजिमका निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

१. नगर सहाकारी शीर्षकमा विनियोजित रकम मध्येबाट आगामी नगरसभाबाट समर्थन हुने गरि हाललाई रु ३००००००/-तीस लाख विपद् व्यपस्थापन कोषमा रकमानन्तर गर्ने निर्णय गरियो।

२ अर्जुनधारा नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाले प्रयोग गर्ने गरी अक्सिजन सिलिण्डर प्रदान गर्नु हुने सम्पूर्ण दाता महानुभावहरुलाई हार्दिक धन्यवाद दिँदै आगामी दिनमा समेत त्यस्तो सहयोग गर्न चाहाने इच्छुक दाता महानुभावहरुलाई सहयोगको लागि आह्वान गर्ने निर्णय गरियो । (जिन्सी शाखा)

३ कोभिड १९ महामारीका कारण मृत्युवरण गर्ने अर्जुनधारा नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने नगरबासीलाई काज किरीया खर्चवापत प्रति मृतक रु २५०००/- पच्चीस हजारका दरले रकम उपलब्ध गराउने निर्णय गरियो । (आर्थिक प्रशासन शाखा )

४ हाल नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा ओ.पि.डी .सेवा बन्द रहेकोले नगरपालिका क्षेत्र भित्रका सबै वडाहरुमा स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन वडागत रुपमा तोकिनु भएका स्वास्थ्य फोकल पर्सनले वडा अध्यक्षसँगको समन्वयमा सेवा प्रवाह गर्ने गराउने निर्णय गरियो । (स्वास्थ्य)

५ मुख प्रशासकीय अधिकृत श्री महेन्द्रकुमार खाम्याहाङ यस नगरपालिकालाई भारत सरकारद्वारा प्राप्त एम्बुलेन्स ग्रहण गर्ने सरकारी कामको सिलसिलामा भारतीय दूतावास काठमाडौ जाँदा कोभिड संक्रमण भई मिति २०७८/०१/१७ गते देखि जेष्ठ ३ गते सम्म बि.एण्ड. सी टिचिङ्ग अस्पतालमा उपचारको क्रममै रहेको अवस्थामा दुखद निधन भएकोले एक कर्तव्यनिष्ठ इमान्दार राष्ट्रसेवकको निधनमा दुःख व्यक्त गर्दै सर्वसम्मतबाट शोक प्रस्ताव पारित गरियो साथै नीजको उपचारको क्रममा अस्पतालमा लागेको सम्पूर्ण खर्चहरु ( बी एण्ड सी अस्पताल प्रा लि तर्फ रु १०३०६१०/- र बी एण्ड सी हस्पिटल फार्मेसी तर्फ रु. २९२७८५/- समेत गरि जम्मा हुन आउने रकम रु. रु १३२३३९५/-नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट व्यहोर्ने निर्णय गरियो ।(आर्थिक प्रशासन शाखा )

६ नगरपालिका भित्रका १० वर्ष भन्दा मुनिका नावालक तथा ७० वर्ष भन्दा माथिका बृद्धवृद्धाहरुको निःशुल्क पि. सि. आर. को व्यवस्था मिलाउने निर्णय गरियो । स्वास्थ्य शाखा

७ प्रमुख प्रशासकीय अधिकृतको असामयिक निधन भएकोले अर्जुनधारा नगरपालिका भित्रका अत्यावश्यक सेवा वाहेकका अन्य सम्पूर्ण सरकारी निकायहरु आज मिति २०७८/०२/०४ गते शोक मनाउन १ दिनको लागि शोक बिदा दिने र नगरपालिका लगायत सबै वडाकार्यालयहरुमा शोक पुस्तिका राख्ने निर्णय गरियो ।

८ कोभीड १९ कारण मृत्युवरण गर्नु भएका प्रमुख प्रशासकीय अधिकृत महेन्द्रकुमार खाम्याहाङ्ग प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै शोकाकूल परिवार जनमा गहिरो समवेदना व्यक्त गर्ने निर्णय गरियो ।

अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय शनिश्चरे, झापा १ नं. प्रदेश, नेपाल